आज मिति २०८३ साल भदौं महिनाको ०४ गते दिउँसो १:०० बजे यस गरुडा न.पा.कार्यालयको सभा हलमा गरुडा नगर कार्यपालिकाको वैठक नगर कार्यपालिका प्रमुख (नगर प्रमुख) श्री कन्थमनी प्रसाद कलवारज्युको अध्यक्षतामा देहाय बमोजिमको प्रस्तावहरुमाथि छलफल गर्न देहायका पदाधिकारीज्युहरुको उपस्थितीमा बैठक बसियो ।

देहाय :

## उपस्थिती

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | कन्थमनी प्रसाद कलवार | |
| २ | नगर उपप्रमुख | पुनम कुमारी चौधरी | |
| ३ | सदस्य (वडाअध्यक्ष वडा नं.१) | शेख वहाव | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | कृष्णनन्दन सहनी | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | अम्बिका सहनी | |
| ६ | सदस्य (वडाअध्यक्ष वडा नं.४) | सुनिल कुमार जयसवाल | |
| ७ | सदस्य (वडाअध्यक्ष वडा नं.५) | रामविनोद साह कलवार | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | रामबाबु प्रसाद चौधरी | |
| ९ | सदस्य (वडाअध्यक्ष वडा नं.७) | प्रवीण सिंह यादव | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | बशिष्ठ राय यादव | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | राजेश कुमार सहनी | |
| १२ | सदस्य (महिला) | धनमन्ती देवी | धनमन्ती |
| १३ | सदस्य (महिला) | रजिया देवी | रजिया |
| १४ | सदस्य (महिला) | ईसलामु | ईसलामु |
| १५ | सदस्य (महिला) | पुनम देवी राम | |
| १६ | सदस्य (महिला) | मंजु देवी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | ध्रुव साह कानु | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | सन्जीव प्रसाद साह | |
| १९ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जयनारायण बैठा | जयनारायण बैठा |
| २० | सचिव | नाथु साह | |
| | आमन्त्रित | | |
| २१ | प्रशासन शाखा प्रमुख | धिरेन्द्र प्रसाद यादव | |
| २२ | योजना अधिकृत | रामानन्द सहनी | |

छलफलका लागी पेश भएका प्रस्तावहरु

१. नगर सभा बैठक स्थल परिवर्तन गर्ने सम्बन्धमा।
२.बजेट, नीति, योजना तथा कार्यकम नगर सभामा पेश गर्ने सम्बन्धमा
३.कवाडी तथा निकासी पैठारी कर ठेक्का लगाउने सम्बन्धमा।

निर्णय नं.१

कार्यपालिकाको बैठकको कार्यसूचीमा चढी निर्णयका लागि पेश भएको नगर सभा बैठक स्थल परिवर्तन गर्ने सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा यस गरुडा नगरपालिकाको आ.व.२०८३/०८४ को नगर सभा पन्धौ अधिवेशन तथा दशौं बजेट अधिवेशन बैठक स्थल कल्वार धर्मशाला गरुडा न.पा.४ मा मिति २०८३/०५/०५ गते शुक्रवारका दिन विहान ११:०० बजे तोकिएकोमा प्राविधिक कारणले नगर सभा बैठक स्थल परिवर्तन गरी गरुडा नगरपालिकको सभा हलमा तोकिएकै मितिमा बस्ने निर्णय गरियो।

निर्णय नं.२

कार्यपालिकाको बैठकको कार्यसूचीमा चढी निर्णयका लागि पेश भएको बजेट, नीति, योजना तथा कार्यकम नगर सभामा पेश गर्ने सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा चालु आ.व.को लागि बजेट तथा कार्यकम तर्जुमा समितिले पेश गरेको बजेट, नीति, योजना तथा कार्यकम नगर सभामा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं.३

कार्यपालिकाको बैठकको कार्यसूचीमा चढी निर्णयका लागि पेश भएको कवाडी तथा निकासी पैठारी कर ठेक्का लगाउने सम्बन्धी प्रस्ताव माथि छलफल हुँदा चालु आ.व.को लागि कवाडी तथा निकासी पैठारी कर ठेक्का लगाउन न्युनतम अंक रु.२५ लाख निर्धारण गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो।